# साँगो सहयोगले बिद्यालयको सरसफाईको ठुलो परिवर्तन



पहिलाको अवस्था



अहिलेको अवस्था

**प्रध्यानाध्यापकको भनाई,**

“आखाले देख्न सकिने कुरा भन्न मलाई खुसी लागेको छ । युनिसेफ नेपाल/छाया नेपालको आर्थिक सहयोगमा स्नोल्याण्ड एकिकृत विकास केन्द्रको सहजिकरणमा बिद्यालय खानेपानी सरसफाई तथा स्वच्छतामा यस कालासिल्ता आधाभुत बिद्यालय सरदमुकामको विचमा अवस्थित रहेको तर सरसफाईको पहुँच अति कम रहेको अवस्था बिद्यार्थीहरुको पनि तेति नै च्याप रहेकोले यस बिद्यालयका,बिव्यस,शिअस,बिद्यार्थी,अभिभावककोसंयुक्त बैठक राखि बिद्यालयलाई तारामा परिबर्तन गर्नाको लागि छलफल गरेर मंसिर १ गतेबाट रात दिन बिद्यालय परिवारको अति लगनशिलता र **SIDC** को सहजिकरणमा बिद्यालयलाई दुई तारे बनाउनसकिदो रहेछ”

बिद्यालयको परिचय सहितको अव्स्था :नेपालका ७७ जिल्ला मध्य अति बिकट तथा गरिबिको रेखा मुनि रहेको जिल्ला हम्ला एक हो जो सरसफाईको क्षेत्रमा अति पछाडी स्थानमा रहेको कुरा सर्ब बिपितै छ यस जिल्लामा साबिकका २७ गा,बि स.र हाल ७ वटा गाउँपालिका रहेका छन् भने चारैतिर पहाडले घेरिएको छ यसले गर्दा १ गाउपालिकाबाट सिमिकोट आउन तिन चार दिन हिड्नु पर्दछ यस जिल्लालाई अहिले सम्म राज्यको मुल सडक संजालमा जोड्न नसकिरहेको अवस्था छ यसले गर्दा यस गाउँपालिकाका बिद्यालयहरु सरसफाईको क्षेत्रमा अति नै कमजोर रहेको छन् भन्ने यस सरसफाई क्षेत्रलाई जनचेतना जगाई बिभिन्न सरसफाई सम्बन्धी भौतिक संरचनाहरु निर्माण गर्ना प्रचुर सम्भाबना हुदा हुदै पनि यातायातको समस्याले गर्दा सामाग्रीहरु महङ्गो पर्नाले नेपाल सरकारको मापढण्ड अनुसार बनाउन सकिरहेको अवस्था छैन । बिद्यालयमा छात्रा बिद्यार्थीहरुलाई महिनावारी भएको अवस्थामा पढाई छोडेर घरजाने र धेरै बिद्यार्थीहरु यहि शैचालय खानेपानीको अभाबले बिद्यालय छाड्नेदर बढि रहेको अवस्थामा यस बिद्यालयलाई युनिसेफ नेपाल/छाया नेपाल र गाउँपालिकाको आर्थिक सहयोगमा यस बिद्यालयलाई सरसफाई युक्त धोषणा गर्नाका लागि बिद्यालय खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम लागु गरि बिद्यालयको मुहार नै परिबर्तन गरेको अवस्था छ
यस बिद्यालय २०५६सालमा स्थापना भै ३०जना बिद्यार्थीबाट कक्षा १ संचालन गरेको थियो बिद्यालय भवनको अभाब खानेपानीको लागि बिद्यार्थी,शिक्षकले नजिकै रहेको ढुङ्गेधाराबाट बोकेर ल्याउनु पर्ने अवस्था थियो भने शौचालय गर्नाका लागि

१.**नाम** : कालासिल्ता प्राथामिक बिद्यालय

**२.ठेगाना** : सिमकोट गाँउपालिका ६ माथिगाउ,हुम्ला

**३.संगठन** : सामुदायीक बिद्यालय

**४.पृष्ठभूमि (बिद्यालय तथा भुगोल)** : भौगोलिक दृष्टिकोणवाट अति नै दुर्गम पिछडिएको हुम्ला जिल्लाको सिमकोट ६ मा अवस्थित यो बिद्यालय २०५६सालमा स्थापना भैई दुई कोठे भवनमा शिसु कक्षा र कक्षाबाट १जना शिक्षक दान बहादुर रावलले पठाई शुरु गर्दै हाल २१० भन्दा बढि बिद्यार्थी र ९ जना शिक्षक रहेका छन् खानेपानी शैचालयक देखि लिएर हातधुने कुनै भौतिक सामाग्री नरहेको,भुगोल पनि अति साँधुरो अवस्थामा बिद्यालय रहेको छ भने अहिले आएर बिद्यालय गाउँपालिकाको नमुना बन्न सफल भएको अवस्था छ । यो बिद्यालय बजार र गाउँको बिचमा अवस्थित रहेको छ मानसरोवर कैलास जाने मुलबाटोमा अवस्थित छ भने यस बिद्यालय संचालन गर्ना बिभिन्न अग्रज व्यक्तिहरुको तेत्तिकै भुमिका रहेको छ ।

**५.विगतका अवश्था तथा दृश्य** : विगतमा यो बिद्यालय खानेपानी तथा सरसफाईको क्षेत्रमा अति नै कमजोर अवस्थामा रहेको २०५ जना बिद्यार्थी मध्ये ३३ जना अपाङ्ग बिद्यार्थीहरुको लागि १ वटा धारा र बालमैत्री संरचना नरहेकालेबिद्यार्थी तथा शिक्षकलाई बिद्यालयबाट कति खेर घरजाम भन्ने अवस्था रहेकाले त्यसमा पनि

झाडी,झाडी धाउनु पर्ने कहाली लाग्दो अवस्था छ । बेला बेला बिभिन्न सरोकारवाला निकायले सरसफाईको क्षेत्रमा सानो सहयोग र त्यसले खासै परिबर्तन गर्ना सकिरहेको अवस्था थिएन यसै अवस्थालाई मध्येनजर गरि **SIDC** हुम्लाले अन्यदातृ निकायहरुसँग समन्वय गरि युनिसेफ नेपाल/छाया नेपालको सहयोगमा बिद्यालयमा बालमैत्री,अपाङ्गमैत्री सहितको छात्रा,छात्रको अलग अलग युरिनल सहितको शौचालय निर्माण गरि हातधुने स्टेशन अपाङ्ग बालबालिकाको लागि शौचालय जाँदा समात्ने रिलिङ्ग र बिद्यालय भित्र जाँनाको लागि अपाङ्गमैत्री भर्याङ्ग निर्माण गरि बिद्यालयलाई सरसफाई तथा स्वच्छतामा पहुँच बृद्धि भएको अवस्था छ भने खानेपानी र हात धुनाको लागि छुट्टै चारवटा धारा निर्माण गरि साबुन ऐना सहित १५ सय लिटर पानि जम्मा गर्ने हिलटयाङकी सहित सुरक्षित पानि पिउनका लागि प्रत्येक कोठामा फिल्टर जडान गरि सुरक्षित पिउने पानिको व्यवस्था गरिएको छ । यसले गर्दा बिद्यार्थीहरु खाजा खाँदा र अन्य बेलामा पानि पिउन,हातधुन सहज भएको छ । यस बिद्यालयका छात्रा र शिक्षकहरुलाई सरसफाई सम्बन्धि कक्षा संचालन गर्ने गरिएको छ भने सरिता शर्मा शिक्षिकालाई सरसफाई फोकल पर्सन तोकी बिद्यालयमा सरसफाई सम्बन्धि बिभिन्न समुह गठन गरिएका छन् तिनिहरुले पालो पालो बिद्यालयको सरसफाई गर्ने गरेका छन् बिद्यालयमा कुहिने र नकुहिने सामाग्री जम्मा गर्नाका लागि अलग अलग डस्बिनको व्यवस्थापन गरि जम्मा भएको फोहरलाई छुट्टै खाडलको व्यवस्था गरि जलाउने र नजल्ने सामाग्रीहरु गाउँपालिकाको गाडीमा राखेर डम्पिन साईडमा पठाउने व्यवस्था गरिएको छ यसले गर्दा बिद्यालय क्षेत्र सरफाई युक्त देखिएको छ भने बिद्यालयमा खानेपानी खानेपानी,सरसफाई तथा स्वच्छता सम्बन्धि कार्ययोजना,जोखिम नक्शाकन,बिद्यार्थी,शिक्षक कार्ययोजना,बिद्यालय आचार संहिता,अनय बिद्यालयमा संचालन हुने कृयाकलापहरुको कार्ययोनजा निर्माण गरि बिद्यालय सुधार योजनामा समावेश गरिएको छ भने यी बिभिन्न कृयाकलापहरु संचालन गरि गरि बिद्यालयलाई तिन तारे घोषणा गर्नाका लागि सहयोग हुनका साथै सरसफाई मुक्त बिद्यालय घोषणा गरिएको छ । बिद्यालयमा र्ममत सम्भारकोष स्थापना गरिएको छ यसले गर्दा बिद्यालयमा सानातिना सरसफाईका सामाग्रीहरु किन्न सहज भएको छ । बिद्यालयमा बिभिन्न सुबिधा सम्पन्न भयो यसले गर्दा यस आर्थिक बर्ष देखि बिद्यालयमा बिद्यार्थीको भर्ना चाप अत्याधिक बढ्दै गईरहेको छ यो बिदालय सरसफाईको क्षेत्रमा सदरमुकामका बिद्यालय मध्ये सबै भन्दा यो बिद्यालय नमुनाको रुपमा रहि बिद्याल बिद्यालयबाट अवलोकनका लागि बिद्यार्थीहरु आई रहेका छन्

एक वटा मात्र शैचालय भएकाले शौचालय जाँदा लाईनमा बस्नु पर्ने लाईन पाईए पनि पानिको अभाब भएकाले दहनिय अवस्था रहेको थियो भने अपाङ्ग बिद्यार्थीहरुलाई शैचालय जान पानि खाने पनि अवस्था नरहेको बिद्यालय वाताबरण पनि फोहोर जता ततै दिशापिसाब देखिने पानि पनि फाहोर रहेको थियो यसले गर्दा बिद्यार्थीहरुलाई शिक्षादिक्षा दिन पनि गाह्रो अवस्था रहेको छ । भने नजिकै समुदाय रहेकाले फोहर वस्तु राति ल्याएर त्येही फाल्ने गरेकाले बिद्यालयको वातावरण दुर्गन्धित देखिन्थो ।

**६.वर्तमान अवस्था** : हाल बिद्यालयमा बालमैत्री,अपाङ्गमैत्रि,छात्रा छात्रको युरिनल सहितको छुट्टाछुट्टै शौचालय,हातधुने स्टेशन बालमैत्री धारा प्रत्येक कक्षाकोठामा फिल्टर,डस्बिन,अपाङ्ग बालबालिकाको लागि रिलिङ्ग,भरयाङ्गको तथा मर्मत सम्भारकोषको व्यवस्था,बिद्यालय सरसफाई कार्ययोजना निर्माण,जोखिम व्यवस्थापन नक्शाङ्कन,सरसफाई तथा महिनावारी स्वच्छता फोकल शिक्षक,बिभिन्न आचार संहिता निर्माण,बिदालय सुधार योजना र बिद्यालयमा सरसफाई सम्बन्धि कक्षा संचालन गरि बिद्यालयलाई गाउँपालिकतिन तारे घोषणा गर्न तत्पर भैई सरसफाईमा पहुँच बृद्धि भैई वालवालिकालाई पठनपाठन गर्न सजिलो हुनाका साथै भर्नादरमा वृद्धि भएको छ ।

**७.परिवर्तनको कारण** : बिद्यालयमा तथा अबिभाबकहरुमा जनचेतना बृद्धि गरि अपनत्वको भावना अभिबृद्धि र भएका संरचनाहरुलाई पुन मर्मत तथा नयाँ निर्माण गरि बिद्यालयमा बिभिन्न कार्ययोजना र आचार सहिंता निर्माण गरि कार्यान्वयन गर्न सहजिकरण गरेर मर्मत सम्भारकोषको व्यवस्थापन,अनुगमनको पाटोलाई निरन्तरता बेला बेला बिद्यालयमा सरसफाई सम्बन्धि कार्यक्रम संचालन गरेर ।

**८. सिकाई** : गरे हुने रहेछ भन्ने भावनाको अभिबद्धि सानो स्रोतलाई सहि उपयोग गर्दा बिद्यालयको ठुलो परिवर्तन हुनाका साथै बिभिन्न सरोकारवाला निकाय हरुसँगको सहकार्य भौतिक संरचना निर्माणका साथै बिद्यालयमा त्यसको आवश्यकता उपयोगिताको बारेमा बेला बेला जानकारी गर्ने र केहि पनि काम गरे हुने रहेछ भन्ने भावनाको अभिबृद्धि बाटो खाजे स्रोत आफै भेटिने रहेछ भन्ने सिकाई प्राप्त भएको छ





बिद्यालय खानेपानी सरसफाई तथा स्वच्छता र बिद्यालय शैचालयको पहिलाको अवस्था









बिद्यालय खानेपानी सरसफाई तथा स्वच्छता र बिद्यालय शैचालयको पहिलाको अवस्था